का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ असोज २०८२
शुक्रबार
10 October 2025
Friday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

स्क्यान गर्नुहोस्

वर्ष २३, अंक २४४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



■ **मीन विश्वकर्मा**
प्रचार विभाग प्रमुख
नेपाली कांग्रेस

"दलीय व्यवस्थामा राज्यका मुख्य सरोकारवाला भनेकै राजनीतिक दल भएकाले मुलुकमा आइपरेको संकट समाधानका लागि दलहरूको सक्रिय भूमिका अनिवार्य रहन्छ ।



■ **हिमाल शर्मा**
पोलिटब्युरो सदस्य
नेकपा माओवादी

"जेनजी आन्दोलनपछिको अवस्था विश्लेषण गर्दै पार्टीको बैठक बसेर नयाँ ढंगले जाने निर्णयअनुरूप विशेष महाधिवेशनबाट नयाँ नेतृत्व र योजनाका साथ जनतामा जानेछौं



■ **पुरञ्जन आचार्य**
राजनीतिक विश्लेषक

"३० वर्षसम्म राज्यसत्तामा हालिमुहाली गरेकाहरूले नै सत्ता र शक्तिको च्याँखेदाउ थाप्ने अवस्था रहिरहने हो भने ती दल र नेताहरू जनतामाझ अझै नांगिनेछन् ।

**सत्ता उलटफेरको एक महिना**

# सरकार र दलहरू आमनेसामने



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २३ असोज

जेनजी आन्दोलनको रापताप थेग्न नसकेर गुप्तबासमा पुगेका पुराना राजनीतिक दल पुनः जुर्मुराउन थालेका छन् । आन्दोलनको बलमा गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका गतिविधिको चलाढाल पर्दा पछाडिबाट नियाल्दै मौन बसेका कांग्रेस, एमाले र माओवादी केन्द्र नियमित गतिविधिमा फर्किन थालेका हुन् ।

शान्तिपूर्ण भनिएको जेनजी आन्दोलनले एकाएक हिंसात्मक रूप लिएपछि संसद्का दुई ठुला दल कांग्रेस-एमाले सम्मिलित राज्यसत्ता नै उलटफेर भएको थियो । पुराना राजनीतिक दल र तीनका नेताहरूसमेत आन्दोलनकारीको निशानामा पर्दा भागाभागको स्थिति बनेको थियो । तर सत्ता पल्टाउने जेनजी आन्दोलनको रोजाइमा बनेको नयाँ सरकार र जेनजीका अगुवाका गतिविधिले एक महिनासम्म पनि परिस्थिति सामान्य बन्न सकेन । एक महिना पुग्दा नपुग्दै दलहरू मैदानमा फर्किएका छन् ।


अन्तरिम सरकारले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने तयारी गरेपछि एमाले प्रतिवादमा उत्रिएको छ । आफैंले सिफारिस गरेका अन्तरिम प्रधानमन्त्री वैधतामाथि ओलीले प्रश्न उठाउन थालेका छन् । एमाले भक्तपुरले बिहीबार गुन्डुमा राखेको भेटघाटमा ओलीले भने, 'यो सरकार नेपालीको प्रतिनिधि होइन, अन्त कतैको हो थाहा छैन । कसैले छानेको सरकार होइन यो । उनीहरू एउटा खास उद्देश्यले काम गरिरहेका छन् ।'

आन्दोलनले सरकार परिवर्तन गरे पनि जेनजीको नीति र नेतृत्वको टुंगो लाग्न सकेको छैन । दलहरू मात्र होइन, स्वयं जेनजी अगुवाको नजरमा पनि सरकार सन्तोषजनक देखिएको छैन । भदौ २३ गते मारिएका शहीद परिवार आन्दोलनकारी र सरकार दुवैप्रति असन्तुष्ट छन् । यहीबेला विघटित सरकारका मुख्य दलहरूले पनि सरकारप्रति संशय प्रकट गरिरहेका छन् । खासगरी, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरुद्ध सम्पत्ति शुद्धीकरणमा छानबिन सुरु भएपछि नेताहरूले कडा प्रतिक्रिया दिन थालेका छन् । ओलीको टिप्पणी छ, 'सम्पत्ति छानबिन एकपल्ट होइन, १० पटक गर । मन्त्रीज्यूहरू तपाईंहरूको सम्पत्ति छानबिन गराउने आँट गराउनुहुन्छ ?'

राजनीतिक सक्रियता बढे पनि दलहरू आन्तरिक विवाद टुंग्याउन भने सकेका छैनन् । तीनवटै मुख्य दलमा नेतृत्व हस्तान्तरण र पार्टी पुनर्गठनको आवाज उठेको छ । माओवादी केन्द्रले विशेष महाधिवेशन घोषणा गरेको छ भने कांग्रेस-एमाले केन्द्रीय समिति बैठकको तयारीमा छन् । असोज अन्तिम सातामै ती बैठक हुनेछन् । कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले मंसिरभित्रै नियमित महाधिवेशन

>>> पृष्ठ २ मा

## संसद् पुनर्स्थापनामा मतभेद



| निर्णय गर्न बाँकी | संसद् ब्यूँताउने | चुनावमा जाने | चुनावमा जाने |
|---|---|---|---|

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ असोज

गत २७ भदौको मध्य रातमा विघटित प्रतिनिधि सभा पुनर्स्थापना गर्ने कि ? चुनावमा जाने ? भन्ने विषयमा राजनीतिक दल विभाजित देखिएका छन् । नेकपा एमाले प्रतिनिधिसभा पुनर्स्थापनको पक्षमा उभिँदा कांग्रेस अनिर्णीत छ भने माओवादी केन्द्रले संसद् पुनर्स्थापना गर्न नहुने पक्षमा उभिएको हो ।

निर्वमान प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले लोकतान्त्रिक शासन व्यवस्था र वर्तमान संविधान प्रतिकूल बनेको सरकारको वैधानिकतामाथि प्रश्न उठाउँदै संसद् पुनर्स्थापनाको पक्षमा पार्टी उभिने दाबी गरे । जेनजी आन्दोलन (२३-२४) बाट ढलेको कांग्रेस-एमाले गठबन्धन सरकारका प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा पुनर्स्थापना गरेर जाने र कांग्रेस पनि सो मुद्दामा सहमत हुने बताएका हुन् । 'देशलाई सही बाटोमा ल्याउन असंवैधानिक ढंगले विघटन गरिएको संसद् पुनर्स्थापनाको माग लिएर अघि बढ्नुको विकल्प छैन,' ओलीले भने, 'मलाई विश्वास छ, कांग्रेसले पनि यही बाटोमा आफूलाई उभ्याउनेछ । अरू पार्टीहरू पनि यही बाटोमा अघि बढ्छन् । देशलाई लोकतान्त्रिक बाटोमा फर्काउन अरू बाटो छैन ।'

यद्यपि तत्कालीन सत्ता सहयात्री कांग्रेसले भने यो विषयमा केही बोलेको छैन । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले संसद् पुनर्स्थापना गर्ने वा चुनाव स्वीकार गरेर जाने भन्ने विषयमा आगामी २६ असोजमा हुने केन्द्रीय समितिको बैठकबाट निर्णय गरेर जाने बताए । जेनजी आन्दोलन क्रममा लोकतन्त्रको मर्ममाथि नै प्रहार भएको कांग्रेसको निष्कर्ष छ । फागुन २१ मा हुने भनिएको निर्वाचनप्रति सरकार गम्भीर नभएको कांग्रेसले टिप्पणी गरेको छ । निर्वाचन हुने विश्वस्त आधार नभएकाले संसद् पुनर्स्थापना मुद्दा पनि नछाडेको प्रवक्ता डा. प्रकाशशरण महतले बताए । उनले भने, 'अहिले लोकतान्त्रिक मूल्य र मान्यतालाई नै थङथिलो बनाउने कोसिस भइरहेको छ । तर हामी विचलित हुँदैनौं । हामीले अन्य राजनीतिक दलसँग समेत छलफल गर्दै छौं । सरकारको चुनाव गराउने वातावरण बनाउन सक्ने आधार तय गर्न सकेको छैन । यी सबै विषयमा पार्टीभित्र र अन्तरपार्टी व्यापक छलफल गरेर निर्णयमा पुग्छौं ।'

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## प्रमुख रोजगार गन्तव्य युएईको भिसा खुलाउन सरकार किन उदासीन ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असोज

नेपाली कामदारको प्रमुख गन्तव्य मुलुक संयुक्त अरब इमिरेट्स (युएई)मा नेपाली कामदारको भिसा रोकिँदा वैदेशिक रोजगार क्षेत्रमा बेचैनी बढेको छ । दैनिक करिब एक हजार नेपाली कामदार रोजगारीका लागि जाने युएईमा हाल फ्रि जोन र अर्धसरकारी गरी दुई क्षेत्रमा मात्रै नेपाली कामदारका लागि भिसा जारी भएको छ ।

युएईले नेपाली कामदारको भिसा रोकेको औपचारिक रूपमा नेपाललाई जानकारी भने दिएको छैन । नेपाली कामदारका लागि भिसा रोकेको जानकारी कूटनैतिक माध्यमबाट नपाएको भन्दै पर्खेर बसेको नेपाली पक्षको भनाइ छ । तर नयाँ भिसा जारी नभएको अवस्थामा नेपालले लामो समयका लागि प्रमुख रोजगार गन्तव्य गुमाउन सक्ने खतरा बढेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखाली बताउँछन् ।

अघिल्लो महिना भदौमा नयाँ २० हजार र रिइन्ट्रीसमेत गरी २५ हजारभन्दा बढी नेपाली कामदार युएई गएका थिए । असोजमा भने युएई जाने क्रम लगभग ठप्पको अवस्था छ ।

परराष्ट्र मन्त्रालयले दशैं अगाडि नै युएईसहित केही खाडी मुलुकबाट नेपाली कामदारका लागि पूर्ववत् रूपमा भिसा जारी गर्ने व्यवस्था गर्न कुटनैतिक पहल सुरुवाता गरेको बताएको थियो । तर त्यो प्रयास प्रभावकारी नभएको जस्तो देखिएको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले भिसासम्बन्धी व्यवस्थालाई पूर्ववत् अवस्थामा फर्काउन नेपालस्थित सम्बन्धित देशका राजदूतहरूसँग छलफल सुरु गरेको बताउँदै परिस्थिति सकारात्मक हुने बताएका थिए ।

सुरक्षाको विषय सम्बन्धित देशको आन्तरिक मामिला भएको भन्दै युएई लगायतका मुलुकले अत्यन्तै छोटो समयका लागि सतर्कता अपनाएको हुनसक्ने आँकलन नेपाली अधिकारीहरूको थियो । तर करिब एक महिना लामो अवधिमा पनि कामदारको भिसा जारी नभएपछि नेपालमा अनेकौं आशंका र अनुमान बढेको छ । यस्तो अवस्थामा नेपालमा रहेका सम्बन्धित देशका राजदूतलाई बोलाएर छलफल गर्ने र त्यसले सार्थक परिणाम नदिए नेपाली प्रतिनिधिमण्डलले श्रम गन्तव्य मुलुकहरूमा भ्रमण गरेर भएपनि समस्याको समाधान खोज्नुपर्ने कतिपयको माग छ ।

विगतमा पनि साउदी अरेबिया, युएई, मलेसियालगायतका मुलुकले आफ्नो राष्ट्रिय हितअनुसार सुरक्षाका प्रोटोकलहरूमा फेरबदल गर्दै आएका भएपनि यस पटक परिस्थिति रोजगारदाताले नेपाली कामदारको विकल्प खोज्ने तहमा नकारात्मक रूपमा विकसित हुने खतरा बढेको कतिपयको भनाइ छ ।

राष्ट्रिय अर्थतन्त्रले शिथिलताको बाटो लिएको अहिलेको अवस्थामा आन्तरिक रोजगारी नगण्य देखिएको छ । विश्व बैंकले नेपाली अर्थतन्त्रको वृद्धि दर साढे दुई प्रतिशत मात्रै हुने आँकलन गरेको अवस्थाले पनि वर्तमान अवस्थामा वैदेशिक रोजगारको योगदान अत्यन्तै महत्वपूर्ण मानिएको छ ।

गत वर्ष ८ लाख ३९ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएका थिए । उनीहरूले १८ खर्ब बराबरको रेमिट्यान्स पठाए । नेपाली कामदारको भिसा प्रक्रियामा कठिनाइ उत्पन्न भए बेरोजगारी समस्या चुलिने र अर्थतन्त्र धरमराउने धेरैको आँकलन छ ।

### मलेसियाका दर्जन बढी कम्पनी कालोसूचीमा


**काठमाडौं/मस-** मलेसियाको क्वालालम्पुरस्थित नेपाली राजदूतावासले नेपाली श्रमिकलाई दुःख दिने दर्जनभन्दा बढी सेक्युरिटी कम्पनीहरूलाई कालोसूचीमा राखेर कारबाही सुरुवात गरेको छ ।

मलेसियाले गत फेब्रुअरीदेखि नै कामदारको तलब न्यूनतम १५ सय रिंगेट कायम गरेको भएपनि केही सेक्युरिटी कम्पनीहरूले अहिलेसम्म बढेको तलब नदिएको गुनासो रहेको छ । काउन्सिलर श्रम कृष्णप्रसाद भुसालले मागपत्र प्रमाणीकरण अघि नेपाली कामदारले न्यूनतम तलब पाए नपाएको एकिन गर्ने गरिएको बताएका छन् ।

**नि:शुल्क स्वास्थ्य**

## संविधानमा छ व्यवहारमा छैन

स्वास्थ्यसम्बन्धी संवैधानिक हक कार्यान्वयनको प्रश्नमा सरकार नाजवाफ छ । सार्वजनिक स्वास्थ्यलाई प्राथमिकता दिने कि नाफा कमाउने उद्योगीको हितमै अगाडि बढ्ने भन्नेमा पनि सरकार मौन रहँदै आएको छ ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ असोज

संविधानतः नेपालीहरूले आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउनुपर्ने हो । तर यस्तो संविधान बनेको १० वर्ष भइसक्दा समेत व्यवहारमा स्वास्थ्यसम्बन्धी मौलिक हक कार्यान्वयनमा छैन ।

संविधानको धारा ३५ मा 'कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन' भनी उल्लेख छ । जहाँ भनिएको छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन ।'

संवैधानिक व्यवस्थाअनुसार स्वास्थ्यसम्बन्धी संवैधानिक हक कार्यान्वयनको प्रश्नमा सरकार नाजवाफ छ । सार्वजनिक स्वास्थ्यलाई प्राथमिकता दिने कि नाफा कमाउने उद्योगीको हितमै अगाडि बढ्ने भन्नेमा पनि सरकार मौन रहँदै आएको छ ।

संघीय संसद् सचिवालयले विघटित प्रतिनिधि सभाको कामकारबाही हालै सार्वजनिक गरेको छ । जसमा सांसदहरूका लिखित प्रश्न र सम्बन्धित मन्त्रालयका लिखित जवाफसमेत समावेश छ । जहाँ सार्वजनिक स्वास्थ्यलाई प्राथमिकता दिने सरकारको नीति के हो भन्ने प्रश्नमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय जवाफ दिनबाटै पन्छिएको छ । विघटित प्रतिनिधि सभा सदस्य

>>> पृष्ठ २ मा

मध्यान्ह
दैनिक
www.madhyanhadaily.com

२४ असोज २०८२ शुक्रबार
10 October 2025 Friday

# खोसियो भिभिआइपीको सुरक्षा



**काठमाडौं/मस–** सरकारले पूर्वप्रधानमन्त्रीहरु केपी शर्मा ओली, शेरबहादुर देउवा, प्रचण्ड, माधव कुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराईसहित सबै पूर्वपदाधिकारीहरुले लिँदै आएको मापदण्ड विपरीतका सबै सुरक्षाकर्मी फिर्ता बोलाउने निर्णय गरेको छ।

गृह मन्त्रालयले पूर्वपदाधिकारीहरूलाई स्वीकृत मापदण्डभन्दा बढी र मापदण्डबिना प्रदान गरिएका सुरक्षाकर्मी सम्बन्धित सुरक्षा निकायले तत्काल फिर्ता बोलाउने निर्णय गरेको हो।

ओलीको २७ र प्रचण्डको ३४ जना सुरक्षाकर्मी फिर्ता हुनेछन् । यो निर्णय वहालवाला पदाधिकारीहरूको हकमा पनि भएको गृह मन्त्रालयले जनाएको छ।

गृहको निर्णयसँगै शुक्रबार बिहानसम्ममा मापदण्ड विपरीतका सुरक्षाकर्मी फिर्ता भइसक्नेगरी सर्कुलर गरेको प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकारीले जानकारी दिए।

हाल सबैजसो पूर्वप्रधानमन्त्रीहरुले मापदण्ड विपरीतका सुरक्षाकर्मी प्रयोग गर्दै आएका छन्। सरकारको निर्णयअनुसार ती अब सबै फिर्ता हुनेछन्। गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेका अनुसार अब धमाधम सुरक्षाकर्मी फिर्ता गराउने काम हुँदैछ। फिर्ता भइसकेपछि मात्रै कति सुरक्षाकर्मी मापदण्ड विपरीत थिए भन्ने कुरा यकिन हुनेछ।

# हुलाकको सार्थकता घटेको छैन : सञ्चारमन्त्री



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बदलिँदो विश्वव्यापी परिवेशमा हुलाक सेवाको आवश्यकता झनै बढेको बताएका छन्। १ सय ५१औं विश्व हुलाक दिवसका अवसरमा हुलाक सेवा विभागले बिहीबार आयोजना गरेको कार्यक्रममा उनले हुलाक सेवालाई समयानकूल सुधार गर्दै लैजानुपर्नेमा जोड दिए।

'हुलाकको आवश्यकता र सार्थकता घटेको छैन', मन्त्री खरेलले भने, 'हुलाक सेवालाई आधुनिक, प्रतिस्पर्धी र व्यावसयिक बनाउनुपर्छ।' सरकार हुलाक सेवाको व्यावसायिकीकरण गर्ने पक्षमा रहेको उल्लेख गर्दै उनले यसबाट मात्रै हुलाक सेवाको विश्वव्यापी पहुँच अभिवृद्धि गर्न सकिने बताए।


'स्थानीय तह र समुदाय, परिवार र व्यक्तिको तहसम्म हुलाक सेवा पुऱ्याउनुपर्छ। विश्वको जुनसुकै देशमा रहेका नेपालीका बीचमा हुलाक सेवाको पहुँच हुनुपर्छ', मन्त्री खरेलले भने। उनले हुलाक सेवालाई सुदृढ बनाउन मन्त्रालय सदैव सकारात्मक रहेको उल्लेख गरे।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्यालले सूचना प्रविधिको विकास र सरकारका केही नीतिका कारण हुलाक सेवा केही ओझेलमा परे पनि यसको महत्व नघटेको बताइन्। उनले भनिन्,'सूचना प्रविधिको प्रयोगमामार्फत 'स्मार्ट हुलाक' बनाउनेतर्फ लाग्नुपर्छ।'

विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले हुलाक सेवालाई 'स्मार्ट' बनाएर नागरिकको घरदैलोमा पुग्ने सपना पूरा गर्न स्रोतसाधनको उचित प्रबन्ध गरिदिन सरकारसँग आग्रह गरिन्।

सो अवसरमा मन्त्री खरेलले नेपाली क्रिकेट टोली (महिला र क्वालिफाइड यु-२०), महोत्तरीको महिटहानीस्थित लक्ष्मीनारायण मन्दिर, मुस्ताङको लोमान्थाङस्थित सिजा झोङ गुफा र शिक्षाविद् डा.हर्कबहादुर बुढा मगरको तस्बिर अंकित टिकटमा टाँचा लगाएका थिए। कार्यक्रममा 'फिलाटेलिक', उत्कृष्ट कर्मचारीलगायतलाई सम्मान गरिएको थियो। दिवसका अवसरमा विभाग परिसरमा विभिन्न हुलाक टिकट प्रदर्शन गरिएको थियो। 'नागरिकका लागि हुलाक, स्थानीय सेवा र विश्वव्यापी पहुँच' भन्ने नाराका विश्वव्यापी रुपमा बिहीबार विश्व हुलाक दिवस मनाइएको छ।

# ओली र लेखकविरुद्धको जाहेरी जाँचबुझ आयोगले प्रहरीमै फिर्ता पठायो





**काठमाडौं/मस–** पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखकविरुद्धको जाहेरी बिहीबार प्रहरीमै फिर्ता पठाइएको जेनजी आन्दोलनको घटना जाँचबुझ आयोगले जानकारी गराएको छ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनको घटना जाँचबुझ गर्न सरकारद्वारा गठित आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले उक्त जाहेरी आयोगको कार्यक्षेत्रमा नपरेकाले जिल्ला प्रहरी परिसर काठमाडौंमै फिर्ता गरिएको जानकारी दिए। यसअघि जिल्ला प्रहरी परिसर काठमाडौंमा परेको उक्त जाहेरी प्रहरीले दर्ता नगरी आयोगमा पठाएको थियो।

बिहीबार आयोगले एक विज्ञप्ति जारी गरी फौजदारी वारदातमा विस्तृत अनुसन्धान तहकिकात गरी कसुरदार देखिने अवस्थामा अभियोजन समेत लगाउने कार्य यस आयोगको कार्यक्षेत्रभित्र नपरेको जनाएको छ।

आयोगलाई उक्त घटनाको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गर्ने, घटना घट्नुको कारणका सम्बन्धमा यथार्थ जाँचबुझ गरी सो को यकिन राय सुझाव दिनेसहितको प्रतिवेदन पेस गर्ने र ौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने तथा कारबाहीसम्बन्धमा आवश्यक रायदिने कार्यादेश आयोगले पाएको जारी विज्ञप्तिमा उल्लेख छ। आयोगले फौजदारी वारदातमा अनुसन्धान कार्य गर्न आयोगको प्रतिवेदन कुर्नु नपर्ने पनि स्पष्ट पारेको छ।

# दोलखामा अलपत्र चार पर्यटकको उद्धार



**दोलखा/मस–** दोलखाको बिगु गाउँपालिका-१ स्थित लप्ची गुम्बामा ध्यान तथा भ्रमणमा गइ फर्कने क्रममा बीच बाटोमा फसेका चार जना विदेशी पर्यटकको उद्धार गरिएको छ।

उक्त गुम्बामा ध्यान तथा भ्रमणमा गएका रसियाका २ जना र स्वीजरल्याण्डका २ जना गरी ४ जना पर्यटक बाटो अवरुद्ध भएपछि सोही गाउँपालिकाको इलुकमा रहेको नासा हाईड्रोपावरमा बसेका थिए। उनीहरु असोज २१ गते गुम्बाबाट काठमाडौं फर्कने क्रममा दोलखाको लामाबगर स्थित लप्ची सडकको कच्ची बाटोमा सुख्खा पहिरो गइ अलपत्र परेका हुन्। उनीहरुलाई असोज २३ गते बिहान सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट लामाबगरबाट खटिएको सुरक्षा फौज र नेपाल प्रहरीको संयुक्त टोलीले उद्धार गरी काठमाडौतर्फ पठाएको छ।

# आखेटोपहारसहित दुई जना पक्राउ

**काठमाडौं/मस–** तारकेश्वर नगरपालिका-८ शिव मन्दिर चोकबाट संरक्षित वन्यजन्तु सालकको खपटा जस्तो देखिने आखेटोपहार र सालकको छालासहित दुई जना पक्राउ परेका छन्।

केन्द्रीय अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी टोलीले करिब दुई किलोको उक्त आखेटोपहार लिएर हिँडिरहेको अवस्थामा बिहीबार नुवाकोटको ककनी गाउँपालिका-३ का २१ वर्षीय लिजोङ तामाङ र बेलकोटगढी नगरपालिका-१ का ३९ वर्षीय श्याम ढुंगानालाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि डिभिजन वन कार्यालय हात्तीसार पठाइएको प्रहरीले जनाएको छ।

# तोडफोड, आगजनी र लुटपाट गर्नेमाथि कारबाही गर्न कांग्रेसको माग



**काठमाडौं/मस–** नेपाली कांग्रेसले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भौतिक संरचनामाथि तोडफोड, आगजनी र लुटपाटमा संलग्न व्यक्तिहरूलाई कानूनी कारबाही गर्न माग गरेको छ।

पार्टी केन्द्रिय कार्यालय सानेपामा बिहीबार बसेको पार्टी पदाधिकारी र पूर्वपदाधिकारीहरूको बैठकले यस्तो माग गरेको प्रवक्ता डा.प्रकाशशरण महतले जानकारी दिए।

बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै महतले तोडफोड, आगजनी र लुटपाटमा संलग्नलाई कानूनी दायरामा ल्याउनुपर्नेमा नेताहरूले जोड दिएको बताए। उनले भने, 'जेनजी आन्दोलनका क्रममा भएका हिंसात्मक गतिविधिमा संलग्नहरूलाई कारबाही नगर्ने गृहमन्त्री ओम प्रकाश अर्यालको अभिव्यक्तिप्रति पार्टीले आपत्ति जनाएको छ।'

महतका अनुसार बैठक पार्टीको आगामी महाधिवेशन केन्द्रित थियो। नेताहरूबीच अधिवेशन नियमित समयमा गर्ने कि नगर्ने भन्ने विषयमा मतभेद भएकाले बैठकले ठोस निष्कर्ष निकाल्न सकेको छैन। उनले भने, 'केही नेताहरू बोल्न बाँकी रहेकाले छलफल शुक्रबार पुनः जारी रहनेछ।' उनले थपे, 'पार्टी अहिले एउटा चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। लोकतान्त्रिक मूल्य र मान्यताप्रति हामी प्रतिबद्ध छौं। त्यसलाई जोगाउँदै देशलाई कमजोर हुन नदिने गरी अगाडि बढ्ने विषयमा नेताहरूबीच छलफल भएको छ।'

महतका अनुसार बैठकमा सहभागी नेताहरूले पार्टीको महाधिवेशन निर्धारित समयमा नै गर्नुपर्ने मत राखेका छन्। तर केही नेताहरूले मंसिरभित्रै सबै प्रक्रिया पूरा गर्न कठिनाइ हुने भएकाले थप समय आवश्यक पर्ने धारणा पनि राखेका छन्।

उनले भने,'आगामी असोज २६ गते बस्ने केन्द्रीय कार्यसमिति बैठकमा यी सबै विषयमा एकीकृत धारणा बनाइनेछ।' महतका अनुसार जेनजी आन्दोलनका क्रममा भएको लुटपाट, आगजनी र राष्ट्रिय राजनीतिक विषयमा पार्टीले असोज २६ गते बस्ने बैठकबाट आधिकारिक धारणा सार्वजनिक गर्नेछ।

## सरकार...

गर्ने प्रस्ताव अघि सारेका छन्। माओवादी केन्द्रका नेता हिमाल शर्माले पछिल्लो संक्रमणपछि दलहरूले विस्तारै आफ्ना गतिविधिलाई नियमित अवस्थामा फर्काउने कोसिस गर्दै गरेको बताए। 'माओवादी केन्द्रले जेनजी आन्दोलनपछिको अवस्था विश्लेषण गर्दै पार्टीको बैठक बसेर नयाँ ढंगले जनतामाझ जाने निर्णय लिएको छ। त्यसैअनुरूप पार्टीको विशेष महाधिवेशनबाट नयाँ नेतृत्वसहित नयाँ योजनाका साथ हामी जनतामा जानेछौं,' उनले भने। सरकारले घोषणा गरेको प्रतिनिधि सभाको निर्वाचनमा पार्टी सच्चिएर जनतामाझ जाने उनको भनाइ छ। वर्तमान सरकारले चुनाव गराउने वातावरण बनाउन सबै राजनीतिक दलहरूसँग संवाद अघि बढाउनुपर्नेमा उनको जोड छ।

दलहरू सक्रिय भए पनि उनीहरूले पार्टी पंक्तिमा नयाँ उत्साह थप्न भने सकेका छैनन्। विश्लेषक पुरञ्जन आचार्य पुराना दल र तिनका नेतृत्वलाई अहिलेकै अवस्थामा जनतामाझ जाने स्थिति नरहेको बताउँछन्। '३० वर्षसम्म राज्यसत्तामा हालिमुहाली गरेकाहरूले नै सत्ता र शक्तिको च्याँखेदाउ थाप्ने अवस्था रहिरहने हो भने ती दल र नेताहरू जनतामाझ अझै नांगिने निश्चित छ,' उनले भने, 'लामो समय सत्ताको दोहोन गरेका नेताहरूको चेहरा हेर्न जनताले चाहेका छैनन्। उनीहरूले बिदा लिएर पार्टीहरूलाई रिफर्म गर्नैपर्छ। सबै दलहरूमा व्यापक सुधारको आवश्यकता छ।'

विघटित संसदको सबैभन्दा ठुलो दल कांग्रेसले आगामी २६ असोजका लागि केन्द्रीय समिति बैठक बोलाएको छ। दलीय व्यवस्थामा राज्यका मुख्य सरोकारवाला भनेकै राजनीतिक दल भएकाले मुलुकमा आइपरेको संकट समाधानका लागि दलहरूको सक्रिय भूमिका अनिवार्य हुने कांग्रेसका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए। केन्द्रीय समितीको बैठकपूर्व बसेको पदाधिकारी र पूर्वपदाधिकारी बैठकले आगामी बैठकको एजेन्डालाई टुंग्याएर एकरूपता दिने उनले जनाए। 'दलीय व्यवस्थामा राज्यका मुख्य सरोकारवाला भनेकै राजनीतिक दल भएकाले मुलुकमा आइपरेको संकट समाधानका लागि दलहरूको सक्रिय भूमिका अनिवार्य रहन्छ,' उनले भने। कांग्रेसका नेताहरूले धुमिल भएको वर्तमान राजनीतिक अवस्थालाई संग्ल्याएर संवादको माध्यमबाट सबै पक्षको माग सम्बोधन गर्दै देशलाई संकटबाट पार लगाउनुपर्ने उनी बताउँछन्।

## संसद ...

कांग्रेस र एमाले बाहेकका दल भने संसद् ब्युँताउने पक्षमा देखिएका छैनन्। विघटित संसदको तेस्रो र चौथो दल माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावमा जाने बताएका छन्। पार्टीको विशेष महाधिवेश घोषणा गरेको माओवादीले त चुनावको विकल्प नभएको भन्दै आवश्यक तयारीमा जुटेको छ। यद्यपि, सो दलसमेत वर्तमान सरकारले चुनाव गराउने विषयमा सशंकित रहेको नेताहरूले बताएका छन्। राप्रपाले पनि संसद् पुनर्स्थापनाको मुद्दालाई छाडेर चुनावमै जानुपर्ने पक्षमा देखिएकोछ। यसअघि दुईपटक संसद् विघटन गरेका एमाले अध्यक्ष ओलीले संसद् ब्युँताउने एजेन्डा बोक्नुलाई अर्थपूर्ण रूपमा हेरिएको राजनीतिक वृत्तमा बहस हुन थालेको छ। जेनजी आन्दोलनबाट कब्जा भएको ओलीको ठाउँमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनेकी छन्। उनले नियुक्ति पाएसँगै जेनजीको मागअनुसार प्रतिनिधिसभा विघटन गर्ने प्रस्ताव राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरेकी थिइन। प्रधानमन्त्री कार्कीको संसद् विघटनको प्रस्ताव स्वीकृत गर्ने पूर्वसहमतिअनुसार राष्ट्रपति पौडेलले कार्कीलाई नियुक्त गरेका थिए।

## संविधानमा...

डा. चन्दा कार्की भण्डारीले लिखित रूपमै यो प्रश्न गरेकी थिइन्। जवाफमा मन्त्रालयले यो विषय आफूसँग सम्बन्धित नरहेको जवाफ दिएको हो।

यो प्रश्न वर्तमान सरकार बन्नुअगाडि नै सोधिएको थियो। प्रश्न र उत्तर भने सरकार बनिसकेपछि सार्वजनिक भएको हो।

कार्कीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पाँचवटा प्रश्न गरेकी थिइन्।

पहिलो प्रश्न थियो- सरकारको नीति सार्वजनिक स्वास्थ्यलाई प्राथमिकता दिने हो कि नाफा कमाउने उद्योगीहरूको हितमा केन्द्रित हो ?

जवाफमा मन्त्रालयले यो प्रश्न मन्त्रालयसँग सम्बन्धित नरहेको भनेको छ। अगाडि थप भनिएको छ, 'यद्यपि उद्योग विभागले विशेषगरी औद्योगिक नीति तथा कानुन कार्यान्वयन गर्दै आएको छ।'

उद्योग विभागले औद्योगिक व्यवसाय ऐन २०७६, औद्योगिक व्यवसाय नियमावली २०७८, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ लगायतका नीतिहरूको अधीनमा रही कार्य सम्पादन गर्दै आएको जवाफमा उल्लेख छ।

कार्कीको दोस्रो प्रश्न थियो- नयाँ मदिरा, चुरोट र गुट्खा उद्योगलाई लाइसेन्स दिने सम्बन्धमा सरकारले कुनै निर्णय गरिसकेको छ वा कि सोही तयारीमा छ ?

जवाफमा मन्त्रालयले औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ८ मा यससँग सम्बन्धित नीतिगत विषय रहेको बताएको छ। जहाँ चुरोट, बिँडी, खैनी, सिगार तथा सुर्तीजन्य पदार्थ पदार्थ हुने वस्तु एवं विद्युतीय चुरोट उत्पादन गर्ने उद्योग दर्ताको विषय छ।

माइक्रोब्रुअरी, बियर, मदिरा वा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरूको अनुमति दिने विषय औद्योगिक व्यवसाय ऐन २०७६ को परिच्छेद ४ मा छ। जहाँ औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको क्षेत्राधिकार रहेको छ। 'सो बोर्डबाट हाल मदिरा र सुर्तिजन्य कुनै पनि नयाँ उद्योगको अनुमति जारी भएको छैन,' जवाफमा भनिएको छ।

कार्कीको तेस्रो प्रश्न थियो- उद्योग, वाणिज्य तथा उपभोक्ता हितसम्बन्धी समितिको २०७२ सालको स्पष्ट निर्देशनलाई किन बेवास्ता गरिएको ?

जवाफमा हाल सञ्चालनमा रहेका मदिराचुरोट र गुट्खा जन्य उद्योगले समयसमयमा पुँजी तथा क्षमता वृद्धि गर्दै आइरहेको उल्लेख छ। यसै प्रकारका नयाँ उद्योगहरू दर्ता माग भए तापनि हालसम्म दर्ता नगरिएको अवस्था भनिएको छ। औद्योगिक व्यवसाय ऐन २०७६ मा समेत यस्ता उद्योग दर्ताको अनुमति नदिने वा रोक्ने भन्ने कुनै व्यवस्था उल्लेख छैन।

चौथो प्रश्न थियो- उद्योग खोल्दा त्यसका सामाजिक असर मूल्यांकन गर्न सरकारले कुनै नीति वा मापदण्ड बनाएको छ कि छैन ?

जवाफमा मन्त्रालयले उद्योग दर्ता गर्दा सामाजिक तथा वातावरणीय असर न्यूनीकरणका लागि विभिन्न सर्त तथा मापदण्डसहित अनुमति प्रदान गर्ने कानुनी व्यवस्था रहेको बताएको छ। उद्योग सञ्चालन गर्नुपूर्व सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने व्यस्था रहेको तथा उद्योग अनुगमन, कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकनसम्बन्धी मापदण्ड, २०८१ उद्योग दर्ता पूर्वसम्भाव्यता अध्ययनलगायतका कार्य गर्ने व्यवस्था रहेको छ।

पाचौं प्रश्नमा 'उद्योगसम्बन्धी निर्णयका दीर्घकालीन प्रभावबारे स्वास्थ्य मन्त्रालयसँग कुनै प्रतिवेदन, सिफारिस वा राय लिने प्रक्रिया अपनाइन्छ कि अपनाइँदैन ?' भनेर सोधिएको थियो।

जवाफमा मन्त्रालयले उद्योग सञ्चालन गर्नुपूर्व प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी कार्य पूरा गरेर मात्र उद्योग सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको बताएको छ। आवश्यक पर्ने विषयहरूमा विभिन्न निकाय स्वास्थ्यलगायतसँग आवश्यकताअनुसार राय वा सिफारिस लिने गरिएको भनिएको छ।


**ओमनमा रोजगार**
कम्पनी: RAWABI AL-SOMAHAN INVESTMENT LLC — शहर: Oman
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४५८०९ — LT. No.: 332057

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४४१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | BUILDING WIRING ELECTRICIAN | 6 | 0 | | 120 | ४४१८८ | | | | | | | |
| 3. | MASON WORKER | 5 | 0 | | 120 | ४४१८८ | | | | | | | |
| 4. | Mason/Brick Mason | 4 | 0 | | 120 | ४४१८८ | | | | | | | |
| 5. | Mosaic Fitter | 2 | 0 | | 120 | ४४१८८ | | | | | | | |
| 6. | Stone Mason | 1 | 0 | | 120 | ४४१८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Sagar
सागर रिक्रुटमेन्ट प्रा. लि.
श्रम ईजाजत नं. ८९५/०६७/०६८
धुम्बराही, काठमाडौं, नेपाल, फोन नं. : ०१- ४५४२२८५, ९८०१०४९२०८, ९८०१०४९२०९, ९८०१०४९२१०, ९८०१०४९२११, ९८०१०४९२१२, ९८०१०४९२१३
Email : info@sagarjob.com.np | Web : www.sagarjob.com.np



**युएईमा रोजगार**
कम्पनी :GOLDEN ANTS TECHNICAL SERVICES CO. L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४५८०८ — LT. No.:331274

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter-door & Windows | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 1000 | ३८,६०० | | | | | | | |
| 3. | Spray Painter | 2 | 0 | | 1500 | ५७,९०० | | | | | | | |
| 4. | Tile Layer | 2 | 0 | | 1500 | ५७,९०० | | | | | | | |

कम्पनी :POWERFULL TEAM GENERAL MAINTENANCE & CONTRACTING - L.L.C - S.P.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/०६ — चलानी नं.: ६०२४५८०७ — LT. No.:331444

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Assistant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 3 | 0 | | 1000 | ३८,६०० | | | | | | | |
| 3. | Plumber Assistant | 2 | 0 | | 1200 | ४६,३२० | | | | | | | |
| 4. | Scaffolder | 2 | 0 | | 1500 | ५७,९०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AASTHA International Employment Pvt. Ltd.
आस्था ईनटरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
Samakhusi-26, Kathmandu, Nepal
Contact No.: 01 4557947, 9802358233
E-mail: aasthamanpower@gmail.com
Web: www.asthamanpower.com
Goverment LIC No: 718/064/65

# इलामलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिने

**काठमाडौं/मस–** सरकारले अविरल वर्षासँगैको बाढीपहिरोबाट प्रभावित इलाम जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले तीन महिनाका लागि इलामलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

यही असोज १८ गतेदेखि परेको अविरल वर्षाका कारण गएको पहिरो र बाढीमा परी पूर्वी पहाडी जिल्ला इलाममा ३९ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। सोही घटनामा परी एक जना बेपत्ता र २६ घाइते भएका थिए। बाढी र पहिरोबाट इलामको सडक सञ्जालमा ठूलो क्षति पुगेको छ ।



बैठकले जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न रु २० अर्ब बराबरको ऊर्जा वण्ड चरणबद्ध रुपमा निष्काशन गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ । मन्त्रिपरिषद् बैठकले प्रहरी नायब महानिरीक्षकहरु सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विश्वकर्मालाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको छ ।

बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लाका जिल्ला समिति खारेज गरेको छ । मन्त्रिपरिषद् बैठकले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति २०८१ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको छ ।

अध्यागमन र भिजिट भिसाका सन्दर्भमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवं छानबिन समिति २०८२ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाइको छ ।

त्यस्तै नागरिक उड्डयन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवं सुझाव समितिले पेस गरेको प्रतिवेदन २०८२ कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने निर्णय भएको सरकारका प्रवक्ता खरेलले जानकारी दिए।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपतिसहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति प्रा.डा.संगिता सिंह भण्डारीसहित १३ जनाविरुद्ध एमआरआई मेसिन खरिदमा अनियमितता गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। आयोगका अनुसार यो खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐनको उल्लंघन गरी राज्यलाई १२ करोड ७ लाखभन्दा बढी आर्थिक हानि पुऱ्याइएको छ ।

आयोगले विशेष अदालत काठमाडौंमा दायर गरेको आरोपपत्रमा प्रतिष्ठानले एमआरआई मेसिन खरिदका लागि बोलपत्र आह्वान गरेकोमा प्राविधिक स्पेसिफिकेशनमा हेरफेर गरी निश्चित कम्पनीलाई फाइदा पुऱ्याएको, लागत अनुमान संशोधन नगरी खरिद गरेको र विदेशी मुद्रामा भुक्तानी गरी अतिरिक्त भार थपेको आरोप लगाइएको छ। आयोगको अनुसन्धान अनुसार दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमआरआई मेसिन खरिदका लागि राष्ट्रिय स्तरको बोलपत्र (एनसीबी) आह्वान गरेको थियो । तर, खरिद आवश्यकताको पहिचान र गुरुयोजना नै तयार नगरी बजेट माग गरिएको पाइएको छ। प्राविधिक स्पेसिफिकेशन निश्चित कम्पनीसँग मात्र मेल खाने गरी बनाइएको र एकै परिवारका कम्पनीहरूबाट दररेट मागेर लागत अनुमान तयार पारिएको आयोगको दाबी छ ।

बोलपत्र खोल्नुअघिको बैठकमा लुम्बिनी हेल्थकेयर प्रालिको प्रस्तावअनुसार स्पेसिफिकेशन संशोधन गरियो तर लागत अनुमानमा कुनै परिवर्तन गरिएन । यसबाहेक, राष्ट्रिय बोलपत्रमा अन्तर्राष्ट्रिय बोलपत्रका प्रावधानहरू मिसाइएको र उत्पादक कम्पनी युनाइटेड इमेजिङ हेल्थकेयर (मलेसिया)को नाममा प्रतितपत्र (एलसी) खोल्ने निर्णय गरिएको पाइएको छ ।

आयोगका अनुसार, ठेकेदारले बोली गरेको नेपाली रुपैयाँमा सम्झौता नगरी अमेरिकी डलरमा भुक्तानी गरियो, जसबाट प्रतिष्ठानलाई थप ६२ लाख ६० हजारभन्दा बढी आर्थिक भार पऱ्यो । कुल खर्च र भुक्तानी १२ करोड ७ लाख ६० हजार ९ सय ४६ रुपैयाँ १८ पैसा पुगेको छ, जसमध्ये ९ करोड ३४ लाखभन्दा बढी रकम राज्यकोषबाट भुक्तानी भइसकेको छ। एमआरआई मेसिनको गुणस्तर पनि स्पेसिफिकेशनअनुसार नभएको तर गलत निरीक्षण प्रतिवेदन दिएर स्वीकार गरिएको आयोगको आरोप छ । यसमा प्राविधिक मूल्यांकनमा पनि बदनियत देखिएको उल्लेख छ, जस्तै सीपीयू क्लक-पल्स रेट ४.० जीएचजेड हुनुपर्नेमा २.१ जीएचजेडलाई 'माइनर डेभिएसन' भनी स्वीकार गरियो ।

अख्तियारले भण्डारीसहित प्रतिष्ठानका तत्कालीन कामु रजिष्ट्रार झन्कार लामिछाने, तत्कालीन फाइनान्स म्यानेजर कैलाश प्रसाद देव, बायोमेडिकल इन्जिनियर शदर भण्डारी, त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका बायोमेडिकल इन्जिनियर अमित कुमार चौधरीविरुद्ध मुद्दा दायर गरेको छ ।

यसैगरी राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका डेपुटी फाइनान्स म्यानेजर नितिन कुर्मी, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका शाखा अधिकृत श्रीराम चौधरी, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका आईटी अफिसर हिरालाल भण्डारी, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सिभिल इन्जिनियर मदन भण्डारीविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियारले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन वरिष्ठ सहायक अञ्जु शर्मा, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन वायोमेडिकल इन्जिनियर सुजाता भट्टराई र लुम्बिनी हेल्थकेयर प्रालि तथा उक्त कम्पनीको मुख्य भई काम गर्ने अध्यक्ष पोष्टराज ज्ञवालीविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ । सबैलाई १२ करोड ७ लाख रुपैयाँभन्दा बढी बिगो कायम गरी कैद तथा जरिवानाको माग गरिएको छ ।

# पौवा होटल बुटवलमा सराय सांस्कृतिक महोत्सव हुने




**मध्यान्ह संवाददाता**
बुटवल, २३ असोज

लुम्बिनी प्रदेशको सांस्कृतिक धरोहरलाई जगेर्ना गर्ने उद्देश्यले बुटवलको होटल पौवाले शनिबार सराय नाच सांस्कृतिक महोत्सव आयोजना गर्ने भएको छ । तिलोत्तमा-३, योगीकुटीमा अवस्थित होटल पौवामा शनिबार साँझ ५:३० बजेदेखि लोपोन्मुख सराय नाचको प्रदर्शन गर्न लागिएको हो । लुम्बिनी प्रदेशका पहाडी भेगहरू गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा लगायतका जिल्लाहरूमा प्रचलित धार्मिक र सांस्कृतिक महत्व बोकेको सराय नाचले दैवी शक्तिले दानव शक्तिलाई पराजित गरेको खुशीयालीलाई चित्रण गर्छ।

होटल पौवाका अध्यक्ष दुर्गा प्रसाद भण्डारीले नेपालको सांस्कृतिक विविधतालाई जगेर्ना गर्न र पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउन होटलले निरन्तर प्रयास गरिरहेको बताए ।

'नेपाली कला, संस्कृति, रहनसहन, भेषभूषा र खानपिनको प्रवर्द्धनले पर्यटन उद्योगमा महत्वपूर्ण भूमिका खेल्छ । पौवाले हरेक चाडपर्वलाई सांस्कृतिक उत्सवका रूपमा मनाउँदै नेपाली आतिथ्यताको पहिचानलाई विश्वसामु पुऱ्याउने प्रयास गरिरहेको छ' अध्यक्ष भण्डारीले भने ।

महोत्सवको सम्पूर्ण तयारी पूरा भएको होटल पौवाका ब्राण्डिङ विभाग प्रमुख तथा मार्केटिङ हेड बिष्णु भण्डारीले जानकारी दिए ।

'नयाँ पुस्तालाई नेपालको लोपोन्मुख सांस्कृतिक पहिचानसँग जोड्न होटल पौवाले निरन्तर अभियान सञ्चालन गर्दै आएको छ । हामीले बुटवल शाखाबाट सराय नाचको प्रदर्शन गर्दैआएका छौं, जसले सांस्कृतिक संरक्षणमा योगदान पुऱ्याउने विश्वास छ', भण्डारीले भने ।

योगीकुटी शाखाका व्यवस्थापक प्रकाश पाठकका अनुसार सेलरोटी, बटुक, चुकौनी लगायतका नेपाली परिकारका स्टलहरू राखिनेछ । यसवर्ष पौवा सराय नाच सांस्कृतिक महोत्सवमा पाल्पाको मुझुङ रैनादेवी छहारा वडा नं. ५ कालिका युवा क्लबका कलाकारहरूको टोलीले सराय नाचसँगै अन्य विविध सांस्कृतिक नृत्यहरू प्रस्तुत गर्नेछन्। 'जहाँबाट आतिथ्यको सुरुवात हुन्छ' भन्ने नारासहित पौवाले लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय स्थलहरूसहित देशभर १६ स्थानमा सेवा प्रदान गर्दै आएको छ ।

# सन्धिखर्कमा प्लास्टिक माला र पटका बिक्री तथा प्रयोगमा पूर्ण प्रतिबन्ध



**सूर्यप्रसाद भुषाल/मध्यान्ह**
अर्घाखाँची, २३ असोज

अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले तिहारको समयमा नगर क्षेत्रमा प्लास्टिकका मालाको बिक्री र पटका (विष्फोटक पदार्थ) प्रयोगमा पूर्ण रूपमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ।

नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले जनाएका अनुसार, वातावरणीय प्रदूषण रोकथाम र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नका लागि यो निर्णय लिइएको हो । नगरपालिकाका प्रशासकीय अधिकृत मुक्ति राम खनालका अनुसार स्थानीय फूल किसानलाई प्राथमिकता दिँदै स्थानीय फूलको उत्पादन र बिक्रीलाई बढावा दिन तथा प्लास्टिकजन्य फोहोर घटाउने उद्देश्यले यस्तो निर्णय गरिएको हो।

श्रेष्ठले भने, 'तिहारमा प्लास्टिक माला प्रयोग बढ्ने र त्यसले वातावरणमा नकारात्मक असर पार्ने भएकाले नगरपालिकाले यस वर्षदेखि यसको प्रयोगमा रोक लगाएको छ । नगरवासी सबैले यस निर्णयको कार्यान्वयनमा सहयोग गर्न अनुरोध गरिएको छ ।' नगरपालिकाको निर्णय कार्यान्वयनका लागि सबै वडा कार्यालय, प्रहरी प्रशासन, र उद्योग वाणिज्य संघलाई निर्देशन दिइएको बताइएको छ ।

त्यस्तै, निमित्त प्रमुख प्रशासकीय अधिकृत मञ्जु खनालले यस कदमले नगर क्षेत्रमा प्लास्टिकजन्य प्रदूषण घटाउने र वातावरणीय सन्तुलन कायम राख्न मद्दत पुऱ्याउने विश्वास व्यक्त गरिन् । उनले थपिन्, 'स्थानीय उत्पादन र फूल व्यवसायमा यसले सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।'

यसअघि अर्घाखाँचीकै सितगंगा नगरपालिकाले पनि स्थानीय फूलको प्रवर्द्धनका लागि प्लास्टिक माला बिक्री र प्रयोगमा प्रतिबन्ध लगाएको थियो, जसलाई यस वर्ष पनि निरन्तरता दिइने बताइएको छ । त्यसैगरी, जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीले समेत जिल्लाभित्र पटका आयात र प्रयोगमा प्रतिबन्ध जारी गरेको छ।

# कृष्णनगरमा प्रहरीका लागि निःशुल्क आँखा परीक्षण




**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २३ भदौ

विश्व दृष्टि दिवसको अवसरमा इलाका प्रहरी कार्यालय कृष्णनगरले बिहीबार निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न गरेको छ ।

नेपाल नेत्रज्योति संघ, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज छन्द (कालेबाबु)-नारायणी आँखा अस्पतालको प्राविधिक सहयोगमा आयोजित यो कार्यक्रममा प्रहरी कर्मचारीहरूको आँखा स्वास्थ्य जाँच गरिएको छ।

शिविरमा इलाका प्रहरी कार्यालय कृष्णनगर र मातहतका कार्यालयमा कार्यरत एक सयभन्दा बढी प्रहरी कर्मचारीले आँखा परीक्षण गराए। सहभागीहरूलाई दृष्टि जाँचका साथै आँखा स्वास्थ्यसम्बन्धी परामर्श, प्राथमिक उपचार, र सचेतनामूलक जानकारी प्रदान गरिएको थियो ।

कार्यक्रमका संयोजक प्रहरी निरीक्षक ईश्वर लौडारीले भने, 'नियमित स्वास्थ्य जाँचले प्रहरी कर्मचारीको कार्यक्षमता र आत्मविश्वास बढाउँछ । आँखा स्वास्थ्यप्रति यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउँछ र यस्ता पहल भविष्यमा पनि निरन्तर रहनेछ ।'

आयोजकका अनुसार यो शिविरले प्रहरी कर्मचारीहरूमा आँखा स्वास्थ्यप्रति जागरूकता बढाउनुका साथै दृष्टि सुरक्षाको महत्वलाई व्यापक रूपमा उजागर गरेको छ । यस्ता कार्यक्रमले स्वास्थ्य सेवाप्रति समुदायको विश्वास र प्रहरीको मनोबल दुवै बढाउने अपेक्षा गरिएको छ ।


## मलेसियामा रोजगार

कम्पनी : FIFFY SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४५८०१ — LT. No.: 332008

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 10 | 0 | स. काममा दक्ष | 1700 | ५७,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Apollo Menpower Services Pvt. Ltd.**
Lic. No.: 22/048/049
Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

## Saudi मा रोजगार

Khalood Ali Al Ijmyan Barber Shop
पूर्व स्वीकृती मितिः २०८२/६/२२ — चलानी नं. ६०२४५७४२ — LT No.: 332060

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hair Cutter/Barber | 1 | काममा दक्ष | 1200 | ४५,३५५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Maison Salim Adel Lakeh For Transportation — पूर्व स्वीकृती मितिः २०८२/६/२२ — चलानी नं. ६०२४५७४४ — LT No.: 332061

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Driver | 10 | काममा दक्ष | 1800 | ६८,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ असोज ३१ गते (17 Oct., 2025) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौंमा हुनेछ ।

**कसमस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं.: ७33/068/069
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984, 9801199984, 9865728265, 9803269111 Email: info@cosmosnepalhr.com

## साउदी र कतारमा रोजगार

१. कम्पनीः ESTABLISHMENT SOL FOR MEALS — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७८४ — LT. No.: 332022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 3 | 0 | स. काममा दक्ष | 1400 | ५२,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः RESPECT TRADING & CONTRACTING W.L.L — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४५७८३ — LT. No.: 332145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Metal Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ३४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 2 | 0 | | 1200 | ३४,००० | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1200 | ३४,००० | | | | | | | |
| 4. | Driver | 2 | 0 | | 1800 | ३४,००० | | | | | | | |
| 5. | Dry Cleaning Worker | 2 | 0 | | 1200 | ३४,००० | | | | | | | |
| 6. | Mason | 2 | 0 | | 1200 | ३४,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क.१ मा रु. १०,००० क.२ मा निःशुल्क |

**PROFESSIONAL Recruiters Group**
Govt. Lic. No. 1767/081/082
Kathmandu- 3 , Nepal. Phone No: 01-4975466, 9851012541.Email: www.prgnepal.com/info@prgnepal.com

## Saudi मा रोजगार

Company : Asasar Employment Corporation
पुर्व स्वीकृति मितिः२०८२/०६/२३ — चलानी नं.: ६०२४५७८७ — LT No. 332074

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Load & Unloading Workers | 22 | [illegible] | 1000 | ३७,९००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु.१०,०००/- |

अन्तरवार्ता २०८२ असोज ३१ गते (17 Oct., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

**CHERISH OVERSEASE PVT. LTD.**
Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com

## Kuwait मा रोजगार

Vevey Pies & Pastry Co. (Vevey Pies & Pastries Co. W.L.L.
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/४/१७ — चलानी नं. ६०२२२९९७ — LT# 308312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Accountant | 1 | 0 | काममा दक्ष | 200 | ९२,६३५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Assistant Baker | 1 | 0 | | 130 | ६०,२१०।- | | | | | | | |
| ३. | Assistant Cake Maker | 1 | 0 | | 130 | ६०,२१०।- | | | | | | | |
| ४. | Assistant Chocolate Maker | 1 | 0 | | 130 | ६०,२१०।- | | | | | | | |
| ५. | Cleaners | 2 | 0 | | 85 | ३९,३७०।- | | | | | | | |
| ६. | Light Driver | 1 | 0 | | 140 | ६४,८४५।- | | | | | | | |
| ७. | Sotre Keepers | 2 | 0 | | 140 | ६४,८४५।- | | | | | | | |
| ८. | Waiter | 0 | 4 | | 130 | ६०,२१०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ कार्तिक १४, १५, १६, १७ र १९ गते (31 Oct., & 1, 2, 3, 5 Nov., 2025) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा र २०८२ कार्तिक १८ गते (4 Nov., 2025) पोखरामा हुनेछ ।

**बैभव ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५, ९८२३२५४८७७, ९७४५९४२०८७, E-mail : baibhav.ovs@gmail.com

## साउदीमा रोजगार

कम्पनीः ALDREES PETROLEUM SERVICES AND TRANSPORT COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०३/२३ — चलानी नं.: ६०२४०८४२ — LT. No.326912 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 6 | 0 | स. काममा दक्ष | 1800 | ६८,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**DESTINY PLACEMENT SERVICE PVT. LTD.**
श्रम इजाजत नं. १६३/०५६/०५७
पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com
फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२

## ओमनमा रोजगार

कम्पनीः TAIBA UNITED TRADING — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७८२ — LT. No.: 332038

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 19 | 0 | स. काममा दक्ष | 120 | ४४,१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
श्रम इजाजत नं. १६०२/०७९/०८०
KMC-03, Kathmandu, Nepal, Tel: 01-5914632, 5924632, 9802348666.
Email : cv@brightfuturehrsolution.com

## Saudi Arabia मा रोजगार

कम्पनी : Rehab Abdul Rahman Abdulaziz Al-Dhalea Maintenance Est. — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४५७६० — LT. No.: 331966

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BICYCLE MECHANIC | 1 | 0 | स.काममा दक्ष | 1200 | ४५,५५० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ असोज ३१ गते (17 Oct 2025)मा हुनेछ ।

**Chartered Global Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १३४७/०७४/०७५
Tokha-10, Kathmandu, Nepal, Tel.: 01-4980114, 4988226
Mo.: 9851249861 / 9851249859 / 9813756198
Email: info@cg-hr.com, Web: www.cg-hr.com

मध्यान्ह
www.madhyanhadaily.com
२४ असोज २०८२ शुक्रबार
10 October 2025 Friday

## सम्पादकीय

# राजनीतिको छायामा विपद् प्रभावित

असोज तेस्रो साताको मनसुनजन्य विपत्बाट ६० जनाको ज्यान गयो । अविरलको वर्षाले कोशी, मधेस र बागमती प्रदेशमा धेरै क्षति पुग्यो । इलाम जिल्लामा पहिरोमा पुरिएर मात्र ३७ जनाको ज्यान गयो । मधेसमा हजारौं घर तथा कार्यालय डुबानमा परे भने धान खेतीमा ठुलो क्षति पुऱ्यो । सरकारको ध्यान भने काठमाडौं उपत्यकामै सीमित रहेको गुनासो बाढीपहिरो प्रभावित क्षेत्रका बासिन्दाले गरिरहेका छन् । काठमाडौंमा डुबानको निरीक्षण गर्दासमेत वाहवाही कमाएका मन्त्रीलाई बाढीपहिरोबाट धेरै क्षति पुगेका कोशी र मधेस प्रदेशमा पुगेर पीडितको दुःखमा मलम लगाउने फुर्सद भएन । संघीय मात्र होइन, प्रदेश सरकारले समेत बाढीपहिरो प्रभावित क्षेत्रप्रति बेवास्ता गरेको भन्दै आलोचना भइरहेको छ ।

गत वर्ष उपत्यकामा बाढी र डुबानले ठुलो क्षति पुगेकाले यसपटक संघीय सरकारको ध्यान काठमाडौं केन्द्रित थियो । नागढुंगा–मुग्लिन, मुग्लिन–नारायणगढ र बिपी राजमार्गमा बाढीपहिरोमा सवारीसाधन नफसून् भन्नेमा सरकार सजग थियो । त्यसैले दुई दिन राजमार्गहरू नै बन्द गऱ्यो, सार्वजनिक बिदा दियो । गत वर्ष खासै नदेखिएको काठमाडौं महानगर प्रहरी यसपटक निकै खट्यो । जसका कारण गत वर्षजस्तो सडकमा गाडी पुरिएर ४८ घण्टापछि उद्धार गर्नुपर्ने स्थिति आएन । काठमाडौंमा पूर्वतयारी र सावधानीले कम क्षति पुगेको भए पनि उपत्यकाबाहिर सरकारको खासै ध्यान गएको देखिएन । राजनीतिक उतारचढाव, द्वन्द्व र मुठभेडको छायामा उपत्यकाबाहिरको विपद् व्यवस्थापन परेको देखियो ।

राज्यको प्रणाली बलियो हुँदा संघीय सरकारका मन्त्रीहरू आफैं खटिनुपर्ने होइन । हामीसँग मौसम पूर्वानुमान, विपद् व्यवस्थापन र उद्धारका लागि दक्ष जनशक्ति पनि छन् । तर हरेक वर्ष मनसुनजन्य विपद् व्यवस्थापन आलोचनामुक्त छैन । यो स्थितिको अन्त्यका लागि सम्बद्ध निकायको स्तरोन्नति र व्यवस्थापन क्षमता बढाउनुपर्छ ।

पछिल्लो बेमौसमी वर्षाले निम्त्याएको विपद् तत्काललाई टरे पनि त्यसले पुऱ्याएको भौतिक तथा मानवीय क्षतिको आलो घाउ छँदै छ । सरकारी निकायले अहिलेसम्म क्षतिको विवरण संकलनसमेत गर्न भ्याएका छैनन् । बाढीपहिरोमा ज्यान गुमाउनेका परिवार र घाइतेलाई उचित राहत दिनुपर्नेछ । पूर्वी नेपाल जोड्ने बिपी राजमार्ग मर्मत गरेर तत्कालै आवागमन सञ्चालनमा ल्याउनुपर्नेछ । देशभर सडक सञ्जाल बाढीपहिरोले विच्छेद भएका छन्, भत्किएर जीर्ण भएका छन् । तिनको मर्मतसम्भार गर्नुपर्नेछ । धान खेतीमा भएको क्षतिको विवरण संकलन गरेर पीडित किसानलाई क्षतिपूर्ति दिनुपर्नेछ । यी सबै काम जति छिटो हुन सक्छ त्यति नै नागरिकले सरकार भएको अनुभूति गर्नेछन् ।

# सिंहदरबार गेट

*'अति सर्वत्र वर्जयेत्' घैंटामा घाम पटक्कै नलागेपछि भाग्नु परेको हो । अघि पनि थुप्रै संकेत थिए, सच्चिने कि सकिने भनेर ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सिंहदरबार बनाउन पुनर्निर्माण कोष बनेछ, सहयोगको हात थापिएछ, क्युआर कोड दिइएछ । तर वाहियात कुरो हो यो । आवश्यक छैन । जनता निचोरिकाले ढलेको हो त्यो । फेरि जनता निचोरेर उठाउने कसरी ? दरबार उठाउँदा जनतामा तरबार वर्षन्न, यो के ग्यारेन्टी छ ? हिजोका शासकले आजको जस्तो आलिसान महल बनाएनन्, खोजेनन्, सेवा दिन दरबार होइन घरबार चाहिन्छ । करको मारमा परेका नेपाली आधाआधी बाहिर छन्, खाडीमा छन्, यहाँ उत्पादन छैन, सबै वस्तु आयात गरिन्छ, कर उठाउन र जनताको शोषण गर्न दरबार होइन टहरा नै पर्याप्त छ ।

जबसम्म एक नेपाली टहरामा बस्छ । एकसरो लाउन, खान र औषधिमूलो गर्न सक्दैन, त्यतिबेलासम्म दरबार आवश्यक छैन । जिडिपीको कति प्रतिशत कर छ अहिले ? त्यतिले पुगेन, कति ऋण छ अहिले ? त्यतिले पुगेन, अनुदान कति छ अहिले ? एक झुम्रो कपडाका लागि दशैं पर्खनुपर्ने, एक जिब्रो मिठो खान दशैं पर्खनुपर्ने, खाडीबाट बन्दी बाकस फर्कनुपर्ने नेपालीमाथि ऋणको भार, करको मार, महँगीको भार थपेर आलिसान महल आवश्यक होइन ।

लोभतन्त्रले आफ्नालाई बस्न, खान, जिमखानासहितका भवन दियो भैंसेपाटीमा, जनतालाई के दियो ? महँगी दियो, सिटामोल दिएन, बिमाको नाटक गर्दै दुःख दियो, दुध किसानको भुक्तानी दिएन । उखु किसानलाई मण्डेलामा थन्कायो, किसानलाई मल दिएन, निर्माण सामग्रीको भुक्तानी दिएन, दियो भ्युटावर, दियो घरघरमै राजाहरू । हिजो चप्पल लाउन नसक्ने र नजान्नेहरूलाई सिंहदरबार दियो, बालकोट दियो, बूढानीलकण्ठ दियो, खुमल्टार दियो र छोटे राजाहरूलाई ठुला भवन दियो । नेपालीहरूको कोदोबारीमा विदेशी शैलीका महल दियो । जनतालाई उल्लु बनायो । गरिब बनायो, बेच्यो, निर्यात गऱ्यो, विदेशी सरसामान आयात गरेर महल ठड्यायो, नेपाली शैलीका घर दिएन, नेपाली काठ प्रयोग गरेन, नेपाली कच्चा पदार्थ प्रयोग गरेन, हिजोको इँट कारखाना खायो, जुत्ता कारखाना, पेपर मिल निल्ने लोभतन्त्रले चुरेको माटो बेच्यो, ढुंगा निर्यात गऱ्यो, बालुवा निकासी गरेर वनका काठमा आगो लगाएर दन्दनी जंगलमा आगजनी गराएर चुप हेरी बस्यो र सिंहदरबार जल्दा संकटकाल लगाएर श्री ४ हरूसँग राजीनामा मागी शासन सत्तालाई नयाँ पुस्तामा दिन सकेन ।

२३ गतेको मध्यरातमा समेत केके थरीका संघसंगठनलाई सडक कब्जा गराउन आदेश दिँदै थियो । आमजनता जेहाद छोडेर भोलि बिहानै सडक जम्मा हुने खबर पाएको सत्ताले तिनका विरुद्ध सडक कब्जा गर्ने रणनीति बुन्दै थियो । त्यो पनि सरकारी आलिसान भवन बालुवाटारमा बसेर । अन्ततः १२ घण्टाभित्र आफूले हेलिकोप्टर मगाएर भाग्नुपर्ने अवस्था सिर्जना भयो । सत्ता दोहनको चरम सीमा नाघेर मात्र जनता सडकमा ओइरिएका हुन्, कसैले तिनमाथि प्रतिकार गर्ने क्षमता राख्ने अवस्था थिएन ।

'अति सर्वत्र वर्जयेत्' घैंटामा घाम पटक्कै नलागेपछि भाग्नुपरेको हो । अघि पनि थुप्रै संकेत थिए, सच्चिने कि सकिने भनेर ।

५० सालअघिसम्म सिंहदरबार मूल पश्चिम गेटबाटैभित्र ओहोर-दोहोर गर्न सकिन्थ्यो, पैदल, साइकल बा हुनेले अरू सवारी प्रयोग गर्थे, तीनतिर सेनाको ब्यारेक पनि थियो, लोभतन्त्रले सेनाको ब्यारेक हटायो । विस्तारै लोभतन्त्रले आफ्नो दायरा बढाउँदै आयो र प्रवेशमा धेरै कडाइ गर्न थाल्यो, आफू बालुवाटार बसेर सत्ता हाँक दिने, जनता सिंहदरबार छिर्न नसक्ने वातावरण यही लोभतन्त्रले त गरेको थियो,




दक्षिण गेट प्रयोग हुन थाल्दा पनि भित्रबाट स्वीकृति नलिई जान नपाइने गरियो, बाटो धेरै घुमाउरो भयो, सबैमा त्यो पनि पहुँच थिएन, आफन्त आएको सुइँको पाउनासाथ प्रवेश पास दिइने र निमुखालाई त्यो दरबार टाढाको विषय बन्यो ।

देशको इतिहास मेटिनेगरी भग्नावशेषमा अहिले सिंहदरबारलाई पुऱ्याउने श्रेय यही लोभतन्त्र र यसलाई चलाउने अनुभवहीन राजनीतिकर्मीले लिनुपर्छ । नसक्ने भएपछि समयमै सत्ता छोडेर देशको जिम्मा अरूलाई दिनुपर्ने थियो । वृद्धाश्रम जाने बाआल अब सत्तामोहमा नपरोस् भनी हामीले हजारौं आलेखहरूबाट भनेका थियौं तर लिँडेढिपीका कारण आफू ढलेनन् मात्रै, देशलाई पनि ढलाए । अब फेरि दरबार उठाउन जनता पैसा तिर्न राजी छैनन्, सुका मोहरले त्यो काम सम्भव पनि छैन ।

भूकम्प २०७२ले नै त्रिपालमुनि बसेर सेवा दिनू भनेकै हो, घाँटी निमोठेर कर लिइयो, विदेशीले पैसाको ओइरो लाए भन्दैमा लिनु नहुने थियो । प्रभाव पर्छ, जसको जुठो खायो, उसको गुलामी बनिन्छ । लिपुलेक लिन नसक्ने, एमसीसी हुँदैन भन्न नसक्ने, सीमानामा सुरक्षाकर्मी राख्न नसक्ने लोभतन्त्रले आफ्नै सुरक्षा दस्ता बढायो, औषधि गर्ने भन्दै अर्बौं रकम निल्यो, जनतालाई भेडा बनायो, उल्लु बनायो, खेतबारीमा डोजर पेल्यो, वनभित्र डोजर घुसायो ।

> *जबसम्म एक नेपाली टहरामा बस्छ, एकसरो लाउन, खान र औषधिमूलो गर्न सक्दैन, त्यतिबेलासम्म सिंहदरबारहरू आवश्यक छैन । सँगै, देशको इतिहास मेटिने गरी भग्नावशेषमा पुऱ्याउने श्रेय पनि यही लोभतन्त्र र यसलाई चलाउने अनुभवहीन राजनीतिकर्मीहरूले लिनुपर्छ ।*

नेपाली शैलीका घर, टहरा निर्माण गरेर सेवा दिन सकिन्थ्यो, आलिसान महल हुँदै होइन, लिफ्ट चढ्ने व्यापारी मल नेपालीको योग्यता होइन, सेवा लिन जाँदा नौ तलाको भऱ्याङ चढेर ओहोर-दोहोर गर्ने नेपाली क्षमता होइन । त्रिशूलीको बाटो पहिरो जाँदा काठमाडौंको सास रोकिने देशमा हजारौं राजा उत्पादन गरेर संघीयता लादियो, दोहोरो काम यत्रतत्र, जनता अल्मलिए र सबैले राजनीति गर्न लागे, विना लगानीको उद्योग सजिलो भयो । भवनको विकास, विकास होइन, चेतनाको विकास नै भएन, नागरिक स्वतन्त्रता भनियो, सर्वत्र छाडा भयो । मान्छे बेच्ने व्यक्तिलाई विदेशीले डिपोर्ट गर्दा होइन भनियो, सार्वजनिक जग्गा कतै बाँकी रहेन, नदीनालाहरूले आक्रान्त भई पानी होइन, रगतको आँसु बगाए, क्षतविक्षत मन लिएर खाडीमा भेडाको भुत्ला उखेल्न नेपालीहरूलाई पठाउने लोकतन्त्रले यहाँ रोजगारी दिएन, सिप दिएन, सिर्जना दिएन, दियो केवल कुशासन, भ्रष्टाचार र आफन्तलाई आलिसान महल मात्र ।

आज सिंहदरबार नेपालीको सान ढाल्ने लोभतन्त्रले हिजो महाकालीको सान राखेन, जबर्जस्त सिंहदरबारबाटै सुम्पियो, ढल्नुपर्ने हिजै थियो । जसरी टनकपुर सन्धिमा लोभतन्त्रको नेतृत्व गर्ने माउ संसद् भवनमै ढलेर शिक्षण अस्पताल दौडाउनुपरेको थियो । यी आँखाहरू प्रत्यक्ष साक्षी छन् । हिजोको १३, १५, १७, २८, ३२, ३६, ४२, ४६, ५२, ६२, ७२ साल र आजको भदौ २३-२४ का पनि ।

## इतिहासमा आज

१० अक्टोबर १९७० मा क्यानडाको अक्टोबर संकट बढ्छ, जब क्युबेकका उपप्रधानमन्त्री पियरे लापोर्टेलाई फ्रन्ट डे लिबरेशन डु क्युबेकका सदस्यहरूले अपहरण गर्छन् ।




१० अक्टोबर १९८५ मा अमेरिकी नौसेनाको विमानले अचिले लाउरो अपहरणका दोषीहरूलाई बोकेको इजिप्टियन विमानलाई रोकेर इटालीमा अवतरण गर्न बाध्य पारेको थियो ।



१० अक्टोबर २००९ मा आर्मेनिया र टर्कीले सम्बन्ध सामान्यीकरण गर्ने उद्देश्यले जुरिच प्रोटोकलमा हस्ताक्षर गरेका थिए । यद्यपि, तिनीहरूलाई कुनै पनि पक्षले कहिल्यै अनुमोदन गर्दैन ।



१० अक्टोबर २०१८ मा फ्लोरिडा विनाशकारी आँधीले ठूलो क्षति पुऱ्याएको थियो । जसमा १०२ जनाको ज्यान गएको थियो भने अनुमानित ४२५.१ बिलियन क्षति पुगेको थियो ।



# जनताले खोजेको नेता र व्यवस्था

विचार



● खिमराज गिरी

> *व्यवस्था परिवर्तनपछि पनि दलहरूले जनताको अपेक्षाअनुसार काम गर्न सकेनन् । शासनको स्वरूप व्यवस्थाअनुसार खास बदलिएन । जसको प्रतिफल क्रमशः शासन र व्यवस्थामाथि नै असन्तुष्टि बढ्दै गयो । तर, त्यसलाई दलहरूले न बुझे, न बुझ्न खोजे । अहिलेको जेनजी आन्दोलन त्यही असन्तुष्टि हो । जसको निरूपण नभएमा मुलुक अर्को दुर्घटनामा पर्नेमा दुविधा छैन ।*

नेपालको राजनीतिक र सामाजिक इतिहासलाई नियाल्दा, यो देश निरन्तर संघर्ष, आन्दोलन, आशा र निराशाको चक्रब्युहमा रुमलिरहेको देखिन्छ । राणा, राजतन्त्र, लोकतन्त्र, गणतन्त्र र हालको जेनजी आन्दोलनसम्म आइपुग्दा, विभिन्न आन्दोलन भएका छन्, तर ती आन्दोलनका उपलब्धि सामान्यतयाः एक दशक पनि टिक्न सकेका छैनन् । अफगानिस्तान र कंगोका जस्तो पृथकतावादी गुट र उपगुटका कारण सत्तास्वार्थमा रमाउन खोज्दा न त राजनीतिक स्थायित्व कायम भएको छ, न त सामाजिक एकता ।

इतिहासलाई हेर्दा, राणाशासनको समयमा सत्ताको लाभ राणा परिवारमा मात्रै सीमित हुन्थ्यो । जनताका छोराछोरीलाई शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरबाट वञ्चित रहनुपर्थ्यो । पछि पञ्चायती व्यवस्थामा पनि राजाको एकछत्र शासनको आलोचना भयो । दलमाथि प्रतिबन्ध लगाइयो र सञ्चार क्षेत्रलाई एकाधिकारमा लिइयो । तैपनि विभिन्न उद्योगधन्दा र राजमार्गहरूको निर्माण भएको पाइन्छ ।

२०४६ सालमा प्रजातन्त्रको आगमन भयो । जनताले सोचे, अब अधिकार जनताको हातमा रहनेछ र साधारण जनताको छोरा पनि राष्ट्र सञ्चालन गर्न सक्ने अवस्थामा पुग्नेछ । तर समय बित्दै जाँदा, जनताको नाममा शासन गर्ने बहानामा चप्पल लगाएर काठमाडौं सहरमा प्रवेश गरेका केही व्यक्ति रातारात धनाढ्य हुन थाले । प्रजातन्त्रको नाममा परिवार र दलका झोलाझाम्टा व्यक्तिहरूलाई विभिन्न क्षेत्रमा स्थान दिइन थालियो । तीनवटै महत्वपूर्ण निकाय- कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा समेत शक्ति र पहुँचका आधारमा आफ्ना मानिस राख्ने प्रवृत्तिको हावी हुँदै गयो । यसले भ्रष्टाचारको समस्या जन्मायो र यो समस्या कर्मचारीसम्ममा फैलियो ।

अलि ठुला व्यक्तिहरूले आफ्ना छोराछोरीलाई अमेरिका, अस्ट्रेलिया, जापान, जर्मनी, क्यानडाजस्ता देशमा पठाएर त्यतै बसाल्ने परिपाटी चलाइयो । यसले भनेका नेताहरूको भ्रष्टाचारलाई बल पुऱ्यायो । आज उच्च पदमा रहेका कर्मचारी र नेताहरूका छोराछोरी प्रायः विदेशमा बसोबास गर्दै छन् र त्यहाँका व्यापारिक पद्धतिहरूले उनीहरूको सम्पत्ति सुरक्षित गर्ने काम गर्दै छन् । नेपालका कयौं नेता, कर्मचारी र व्यापारीका धन लगानीहरू विदेशमा गरिएको पाइन्छ ।

२०६२/६३ को जनआन्दोलनमा जनताको रगत बग्यो । त्यसपछि गणतन्त्रको नाममा केही छोटे राजाहरूको जन्म भयो । केही स्थानीय जनप्रतिनिधि गिटी र बालुवा ओसारपसारको व्यापारमा संलग्न भएर ठुलो कमाइ गर्न थाले । कोही व्यक्तिहरू प्रतिकार गर्दा गुन्डा लगाएर सफाइ दिने धम्की दिने प्रवृत्तिको विकास भएको देखियो । यसरी, देशका केन्द्रदेखि स्थानीय निकायसम्म जनताको कर र सम्पत्ति लुटिइरह्यो तर जनता निरीह थिए ।

आजको परिस्थितिमा, अस्पतालमा पुग्दा पनि गरिबको लागि पावर लगाउनुपर्ने बाध्यता छ । शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर नागरिकबाट खोसिएका छन् र पाए पनि ती अवसर पहुँच र पावरमा निर्भर गर्नुपर्ने भएका छन् । यसले जनतामा निराशा र राजनीतिप्रति अविश्वास बढाएको छ । यसैको परिणामस्वरूप, गत भदौ १९ गते सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गऱ्यो जसको असर विशेषगरी युवा वर्गमा नकारात्मक रूपमा देखियो । त्यसपछि जेनजी आन्दोलनको थालनी भयो । जसको सुरुवात स्वच्छ र शालीनतापूर्वक भएको भए पनि अन्तमा हिंसा फैलियो । यस आन्दोलनमा ७४ जनाभन्दा बढीले ज्यान गुमाए र अन्य धेरै घाइते भए । यस आन्दोलनका क्रममा विभिन्न नेताहरूको घरमा नगद र गरगहना फेला परे, जसले नेताहरूको अवस्था प्रस्ट्यायो । तर आन्दोलनको प्रारम्भमा केही अन्य प्रवृत्तिहरूले सामाजिक अराजकता सिर्जना गर्न थाल्यो । यदि यस्ता प्रवृत्ति नियन्त्रण गर्न नसकिए समाज विभिन्न गुटमा विभाजित हुने खतरा छ ।

व्यवस्था परिवर्तनपछि पनि दलहरूले जनताको अपेक्षाअनुसार काम गर्न सकेनन् । शासनको स्वरूप व्यवस्थाअनुसार खास बदलिएन । जसको प्रतिफल क्रमशः शासन र व्यवस्थामाथि नै असन्तुष्टि बढ्दै गयो । तर त्यसलाई दलहरूले न बुझे, न बुझ्न खोजे । अहिलेको जेनजी आन्दोलन त्यही असन्तुष्टि हो । जसको निरूपण नभएमा मुलुक अर्को दुर्घटनामा पर्नेमा दुविधा छैन ।

सानो भूगोल र सीमित स्रोत तथा साधन भएको देश भए पनि नेपाल प्राकृतिक धरोहरका हिसाबले धनी छ । यस्तो नेपालको शासन प्रणाली आफ्नो ढाँचाअनुसारको हुनुपर्थ्यो । चाहे कर्मचारीतन्त्र होस् वा राजनीतिक हिस्सा, मुलुकको अवस्थाअनुसार हुनुपर्थ्यो । संसदको आकार कति हुने, निर्वाचन प्रणाली समानुपातिक हुने वा प्रत्यक्ष हुने, मन्त्री कसलाई बनाउने जस्ता कुरा हाम्रै अनुकुलमा तर विश्वबाट सिक्नुपर्थ्यो ।

सुरक्षा निकायमा राजनीतिक हस्तक्षेप हटाएर, सेना र प्रहरीलाई व्यावसायिक तालिम दिएर, आधुनिक हतियारसहित सुसज्जित पार्नु आवश्यक थियो, जसले देशको सार्वभौमिकता जोगाउन मद्दत पुऱ्याउनेछ । स्विट्जरल्यान्डको उदाहरण लिन सकिन्छ, जहाँ जनतालाई प्रत्यक्ष निर्णय गर्ने अधिकार छ र पारदर्शिता, इमानदारी र जवाफदेहिताको कारण विश्वकै उत्कृष्ट लोकतन्त्रको रूपमा चिनिन्छ । सिंगापुरले सुरुदेखि नै भ्रष्टाचार नियन्त्रणमा ध्यान दिएको छ र आजको दिनमा सिंगापुर एक सफा र सक्षम शासन भएको देशको रूपमा चिनिन्छ । युरोपका अधिकांश मुलुकमा पनि राजनीतिक स्थायित्व, सामाजिक र सांस्कृतिक एकता र भ्रष्टाचाररहित शासन पाइन्छ । त्यहाँका नागरिक आफ्नो जीवनशैलीमा लगनशीलता र आत्मविश्वासका साथ अगाडि बढिरहेका छन् । यदि नेपालका नेताहरूले यस्ता मुलुकहरूको प्रशासनिक र राजनीतिक प्रणाली अध्ययन गरी, जनताले खोजेका नेताहरू र व्यवस्थामा परिवर्तन ल्याउने प्रयास गरे भने पक्कै पनि नेपालको राजनीति र व्यवस्थामा सुधार सम्भव छ ।

## सामाजिक सञ्जाल



**नारायण अमृत**

डेमोक्रेसी चाहिन्छ । दलहरू चाहिन्छन् । डेमोक्रेसीमा नयाँ दलहरू जन्मने स्पेस पनि रहन्छ । तर डेमोक्रेसीमा 'हत्यारा', 'भ्रष्ट' र 'विध्वंसक' जोगाउँदा डेमोक्रेसी थप जोखिममा पर्छ । यत्ति तीन तत्व छिमल्ने बाटोमा हिँडौं । लिकबाहिर पुगेको डेमोक्रेसी लयमा ल्याऔं । अरूलाई दोष दिनुअघि आफ्नो अनुहार र स्वार्थ ऐनामा हेरौं । पुग्छ ।



**डम्बर खतिवडा**

विद्रोह, आन्दोलन, क्रान्ति नचाहनेहरूले समयको पदचाप बुझेर सामयिक संवैधानिक, कानुनी, आर्थिक, सामाजिक सुधार गर्नुपर्छ । अन्यथा प्रणाली र संविधान अर्थहीन हुन्छ । प्रणाली र संविधान मानेर संसारमा कहिल्यै कुनै क्रान्ति भएको छैन । संविधानका नाममा जेनजी विद्रोहको अपमान प्रयास निरर्थक हो ।



**नवराज पन्त**

राष्ट्र शक्तिशाली हुन सुरक्षा, अर्थतन्त्र र लोकतन्त्र बलियो हुनुपर्छ । सुरक्षा क्षेत्र बलियो हुन अनिवार्य भिषा सिस्टम, अर्थतन्त्र बलियो हुन कृषि-ऊर्जा-पर्यटन क्षेत्र आत्मनिर्भर र लोकतन्त्र बलियो हुन जनता केन्द्रित कडा शासन चाहिन्छ । फितलो शासन लोकतान्त्रिक हुन सक्दैन त्यसले अराजकता जन्माउँछ ।



**विश्वरसिंह मेवाहाङ**

नेपाल दासहरूको देश भयो । अहिले डिजिटल दासहरूको सारै बिगबिगी छ । आफ्नो मालिकले दुध चियाको नशाको तालमा मध्यरातमा लेखेको स्ट्याटसलाई वेदभन्दा पवित्र, संविधानभन्दा उच्च, कानुनभन्दा अनिवार्य सम्झने डिजिटल दासहरूले सिंहदरबार जलाए । दासत्वबाट मुक्ति पाउन गाह्रो भो यो देशलाई ।

# पर्सा र बारामा हैजाविरुद्धको खोप दिइने




**काठमाडौं/मस–** पर्सा र बारामा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ ।

सो जिल्लामा फैलिएको हैजाको महामारी तथा हालैको वर्षापछि आएको बाढीले ती क्षेत्रमा सिर्जना गरेको उच्च जोखिमलाई ध्यानमा राखी खोप अभियान सञ्चालन गरिने भएको हो ।

गत भदौ ६ मा पर्साको वीरगञ्ज महानगरपालिका-१२ को मुरली टोलबाट सुरु भएको हैजाबाट हालसम्म पर्सा र बारामा एक हजार ६ सय ८५ बिरामी भएका छन् ।

'हैजा रोग विरुद्धको प्रतिकार्य खोप अभियान, २०८२'का बारेमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा परिवार कल्याण महाशाखाका निर्देशक डा.विवेक लालले यही २०८२ असोज-कात्तिक महिनामा खोप अभियान सञ्चालन हुने जानकारी गराए । सो अभियान पर्सामा असोज २६ गतेदेखि र बारामा असोज २९ गतेदेखि सुरु भइ तिहारअघि सम्पन्न गर्ने महाशाखाको योजना छ ।

सो खोप अभियानकालागि स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले १० लाख १८ हजार १ सय मात्रा खोप पर्सा र बारामा पठाउने तयारी गरेको जनाएको छ ।

निर्देशक लालकाअनुसार यस अभियानमा एक वर्षभन्दा माथि उमेर समूहका सबैलाई खोप दिइने छ । प्रतिकार्य स्वरुप सञ्चालन गरिन लागेको हैजा विरुद्धको खोप यस अभियानमा एक पटक दिइनेछ । यो खोप मुखबाट खुवाइने खोप हो र यो सुरक्षित रहेको महाशाखाले जनाएको छ । यो खोप एक वर्षभन्दा माथिको उमेरका सबैले खानुपर्दछ । गर्भवती महिला र स्तनपान गराइ रहने महिलालाई पनि यो खोप दिन सकिने जनाइएको छ ।

# मनास्लु हिमालको सफल आरोहण गर्दै महर्जनले फहराए नेपालको झन्डा



**रामहरि कार्की/मध्यान्ह**
ललितपुर, २३ असोज

ललितपुर महानगरपालिका-२१ खोकनाका पर्वतारोही योगेन्द्र महर्जनले देशकै प्रतिष्ठित शिखरमध्ये एक मनास्लु हिमाल (८,१६३ मिटर) को सफल आरोहण गरेका छन् । उनले बिहीबार बिहान हिमालको चुचुरोमा पुगेर ललितपुर महानगरपालिकाको झन्डा र नेपालको राष्ट्रिय ध्वजावाहक भण्डा फहराएका हुन् ।

महर्जनले मनास्लु आरोहणलाई आफ्नो जीवनकै महत्वपूर्ण उपलब्धि बताउँदै भने, 'हिमालको चुचुरोमा पुगेपछि स्वर्गीय आनन्दको अनुभूति भयो, तर त्यही बेला ग्लोबल वार्मिङका कारण पग्लिँदै गएका हिउ र खुल्दै गएका कालापत्तरहरू देख्दा चिन्ता पनि मनमा आयो ।'

उनका अनुसार मनास्लु आरोहणले उनलाई शारीरिक क्षमताभन्दा बढी मानसिक दृढता र आत्मविश्वास नै मुख्य हो भन्ने पाठ सिकाएको छ । उनले भने, 'हिमाल चढ्न शरीरको शक्ति आवश्यक हुन्छ, तर अन्ततः आत्मविश्वास र मनोबल नै सफलता दिलाउँछ ।'

महर्जनले यस यात्राबाट फर्किएपछि जलवायु परिवर्तनले हिमाली भू-परिवेशमा ल्याएको प्रत्यक्ष प्रभाव देख्न पाएको अनुभव पनि बाँडेका छन् । उनका अनुसार पछिल्ला वर्षहरूमा हिमालहरूमा हिउ पग्लिने गति बढ्दै गएको छ, जसले भविष्यका हिमाल आरोहीहरूका लागि थप चुनौती निम्त्याउनेछ ।

मनास्लु हिमालको आरोहण विश्वका पर्वतारोहण प्रेमीहरूका लागि कठिन र प्रतिष्ठित यात्रामध्ये एक मानिन्छ । यो हिमाल नेपालको गोरखा जिल्लामा अवस्थित छ र विश्वकै आठौं अग्लो हिमाल हो ।

यो उनको पहिलो ८ हजार मिटर वर्गको सफल आरोहण भए पनि महर्जन यसअघि पनि उच्च शिखरहरू जितिसकेका छन् । उनले यसअघि ६ हजार १ सय १९ मिटर अग्लो लोबुचे शिखर र इक्वेडरको ६ हजार २ सय ६३ मिटर अग्लो चिम्बोराजो हिमालको सफल आरोहण गरिसकेका छन् । हिमालप्रेम र साहसिक यात्रामा रुचि राख्ने महर्जनले आगामी वर्ष पनि अन्य उच्च हिमालहरूमा आरोहण गर्ने योजना बनाइरहेको जानकारी दिएका छन् ।


## INVITATION FOR SEALED TENDER BIDS

(Second date of publication: 10th October 2025)

Description of Works: NMB Bank Limited, Kathmandu invites interested and registered companies/bidders to submit sealed tender bids for the "Deployment of Outsourced Resources."

The RFP document can be obtained by company/bidder upon submission of a written application and payment of a non-refundable fee of NPR 2,000.00 (Nepalese Rupees Two Thousand Only) to account number 00901371300114 (Bid Document Purchase Parking Account) of the bank.

The tender shall consist of sealed bids as described in the RFP document, according to the schedule provided below:

| S.N. | Activity | Date/Venue |
|---|---|---|
| 1. | Submission of Sealed Tender Bids | The complete, sealed, and stamped bids (separate technical and financial proposals) must be submitted to the address below on or **before 5:00 PM, within the 7th day (16th October 2025)** from the date of publication of this notice. In case the deadline falls on a public holiday, bids may be submitted on the next working day. |
| 2. | Opening of Sealed Tender Bids | Will be advised later |

1. The bidders who have already submitted sealed tender bids in response to the first date of publication may either revoke their bid or continue with it by submitting a letter.
2. The bidder must have been registered for at least three years.
3. The bidder must have experience in a similar deployment in at least one Class "A" Commercial Bank during the current fiscal year 2082/83 or the previous fiscal year 2081/82.
4. The bidder must have an average annual turnover of at least NPR 5 million in the last audited fiscal year.
5. The bidder must submit sealed bids (both technical and financial), along with the required documents as specified in the RFP/bid document.
6. The Bank reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.
7. Eligible and interested participants may contact the office of:

**Projects and Strategic Sourcing Department,**
**NMB Bank Limited**
**Krishna Tower – 6th Floor, Bijuli Bazar**
**Phone: 01-4217117 Ext-1578**

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values



## कतारमा रोजगार

कम्पनी : CAPITOL POJECT MANGMENT — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७३८ — LT. No.: 331967

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter-block Maker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric Tech | 3 | 0 | | 1200 | ४६,६८० | | | | | | | |
| 3. | Pipe Fitter General | 6 | 0 | | 1200 | ४६,६८० | | | | | | | |

कम्पनी : SIGEL ONE SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७३७ — LT. No.: 332030

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३८,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CHANDRAMA GROUP OF COMPANY PVT.LTD**
Contact: 01- 4116658, 9803735475, Email: info@chandramagroup.com, rajachandramagroup@gmail.com, Sinamangal-9, KATHMANDU, Nepal
Govt. Lic. No. 1757/081/082



## साउदीमा रोजगार

कम्पनी : AJADA CATERING ESTABLISHMENT — शहर :RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७४३ — LT. No.:331999

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 1 | 0 | | 1500 | ५६,७०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.**
Maharajgunj , Chakrapath, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501
ईजाजत नं. १२८३/०७४/०७५



## साउदीमा रोजगार

कम्पनीः LATIFA ALI AL-SAEED FOUNDATION — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७४० — LT. No.: 332034

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ४५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः NATIONAL PLASTIC INDUSTRY COMPANY — शहरः JEDDAH
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७४१ — LT. No.: 332033

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Uploading | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packaging Worker | 1 | 0 | | 1000 | ३७,८०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.**
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.
Govt. Lic. No. 435/060/061



## युएईमा रोजगार

कम्पनी: NAVITECH BEST TECHNICAL SERVICES CO — शहरः UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७३१ — LT. No.: 332109

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 5 | 0 | | 1500 | ५७,९०० | | | | | | | |
| 3. | Plaster & Brick Mason | 5 | 0 | | 1500 | ५७,९०० | | | | | | | |
| 4. | Welder | 2 | 0 | | 1500 | ५७,९०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BLUE MOON OVERSEAS NEPAL PVT. LTD.**
चाबहिल- ७, काठमाडौं, फोनः ०१ - ४५८८१३६| 9851023534, Email- bluemoonoverseas312@gmail.com
श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०



## साइप्रसमा रोजगार

कम्पनीः ELEFTHERIA MOUSTAKA PRIVATE EMPLOYMENT AGENCY, LICENSE NO. 333 — शहरः CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५६८३ — LT. No.: 332044

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 2 | 23 | स. काममा दक्ष | 400 | ६५,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ र कार्तिक १,२,३ गते (17,18,19,20 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ALLIANCE HUMAN RESOURCES PVT. LTD.**
Govt. Licence: 690/063/064
Sinamangal-9, Kathmandu, Nepal | Contact : 01-4578850, 4591791, 4462344
Email:- info@alliancenepal.com, ahr@alliancenepal.com | Web: www.alliancenepal.com



## मलेसियामा रोजगार

कम्पनीः YEO SUNN LIM — शहरः JOHOR
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४५७९५ — L.T. No.: 332085

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fish Farm Worker | 4 | 0 | स. काममा दक्ष | 1700 | ५७,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३१ गते (17 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LAXMI RECRUITMENT SERVICE PVT. LTD.**
Gov License no 1782/082/083
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४५७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६



## धितो लिलामी गर्ने बारे पून: ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२/०६/२४ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले न्युरोड शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/०६/३० गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना मिति २०८०/०८/२१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने सार्वजनिक सुचना मिति २०८०/१०/२६ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ७ दिने सार्वजनिक सुचना र मिति २०८०/११/२८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे पुन: ७ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्री गर्न पुन: ७ (सात) दिने धितो लिलाम सम्वन्धि सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिनेछ । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैह्र बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री जीवनदिप बचत तथा ऋण सहकारी संस्था लि.**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा.-३०**
**हालको ठेगाना: का.म.न.पा.-२४, काठमाण्डौं** — **दर्ता नं: : ३१३५/०६६/०६७**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : छत्र बहादुर बस्नेत (अध्यक्ष)**<br>बाबु : सुर्य बहादुर बस्नेत<br>बाजे : पदम बहादुर बस्नेत<br>ना प्र नं. : १२-०१-७२-०२१०७<br>ठेगाना : मंगलटार-०५, खोटाङ | **२) नाम : मणिराम श्रेष्ठ (उपाध्यक्ष)**<br>बाबु : शिवराम श्रेष्ठ<br>बाजे : जोग लाल श्रेष्ठ<br>ना.प्र.नं : ५१५५/१६८८<br>ठेगाना : काठमाण्डौं -२७, काठमाण्डौं |
| **३) नाम : निर बहादुर श्रेष्ठ (सचिव जमानीकर्ता)**<br>बाबु : टेक बहादुर श्रेष्ठ<br>बाजे : बिर मान बहादुर श्रेष्ठ<br>ना.प्र.नं : ५४७६१<br>ठेगाना : कठजोर-४, रामेछाप | **४) नाम : इन्द्रवती बिष्ट (कोषध्यक्ष जमानिकर्ता)**<br>बाबु : बलराम बिष्ट<br>बाजे : युद्ध बहादुर बिष्ट<br>ना.प्र.नं : २१०१७<br>ठेगाना : छम्पी -०२, ललितपुर |
| **५) नाम : गौतम महर्जन (सदस्य)**<br>बाबु : सानुभाई महर्जन<br>बाजे : दोकमान बहादुर महर्जन<br>ना.प्र.नं : ८४<br>ठेगाना : सितापाईला -१, काठमाण्डौं | **६) नाम : दिनेश श्रेष्ठ (संचालक जमानिकर्ता)**<br>बाबु : नर बहादुर श्रेष्ठ<br>बाजे : बज्र बहादुर श्रेष्ठ<br>ना.प्र.नं : ७६८६०<br>ठेगाना : सालु -७, रामेछाप |
| **७) नाम : सुरज श्रेष्ठ (संचालक जमानिकर्ता)**<br>बाबु : बद्री बहादुर श्रेष्ठ<br>बाजे : सम्मर बहादुर श्रेष्ठ<br>ना.प्र.नं : २१३०२८/३०<br>ठेगाना : कुहजोर-४, रामेछाप | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१.श्री मान बहादुर श्रेष्ठको नाती श्री टेक बहादुर श्रेष्ठको छोरा रामेछाप जिल्ला कठजोर वडा नं. ४ स्थित श्री निर बहादुर श्रेष्ठ को नाममा मालपोत कार्यालय लगनखेल मा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सैंबु वडा नं. ६ को कित्ता नं. १५२७ को क्षेत्रफल ९५.३९ ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौंमा रहेको **खाता नं. ००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै न्यूरोड शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय न्यूरोडमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop



## QATAR मा रोजगार

कम्पनी : ANAND ENERGY CO. — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४५७९९ — LT. No.: 332067

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 1000 | ३८,९०० | | | | | | | |
| 3. | Receptionist | 0 | 1 | | 1200 | ४६,६८० | | | | | | | |
| 4. | Supervisor | 1 | 0 | | 2500 | ९७,२५० | | | | | | | |
| 5. | Welder | 3 | 0 | | 1100 | ४२,७९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Eurosia Human Resourse Pvt. Ltd.**
Govt. Lic. No. 1191/073/074
Samakhusi Chowk, Tokha Road 10, Kathmandu, Nepal, Tel: 01-4980243
Mob: 9851237357/ 9851064740/ 9851071905
E-mail : ehr1191@gmail.com, eurosiahumanresource@gmail.com Web : www.eurosiahr.com.np

‘वरिष्ठ बलराम’को ट्रेलर

# दयाहाङ र विजयको नोकझोक



**काठमाडौं /मस-** चलचित्र ‘वरिष्ठ बलराम’को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा चलचित्रका मुख्य दुई पात्र दयाहाङ राई र विजय बरालबीचको संघर्ष देखिएको छ ।

ट्रेलरको सुरुवात नै दुई पात्रबीचको टकरावले हुन्छ- एकातिर छन् दयाहाङ राई, खोलाको ढुंगा र बालुवाको ठेकेदार, जो आफ्नो क्षेत्रमा कसैको हस्तक्षेप सहन सक्दैनन् । अर्कोतर्फ छन् विजय बराल, जो गरिबी र समाजको हेपाइसीमा थिचिएका पात्र हुन् । जब विजयले दयाहाङको ‘एकमना खोला’मा आँखा गाड्छन्, त्यहीँबाट सुरु हुन्छ द्वन्द्व, जो सिनेमा भरि फैलिन्छ ।

ट्रेलरमा दयाहाङलाई शक्तिशाली ठेकेदारको रूपमा देखाइएको छ, जो अगाडि-पछाडि केटाहरू लिएर रवाफका साथ हिँड्छन् । विजय भने विपरीत परिस्थितिबाट माथि उठ्ने सपनामा छन् । उनी समृद्धि अर्यालको प्रेममा बाँधिएका छन्, जसले कथामा भावनात्मक तह थपेको छ ।

जात, कुल र सामाजिक हैसियतका भिन्नताले दुई पात्रबीचको मनोवैज्ञानिक टकराव झन् गहिरिन्छ । विजयले आफ्नो ‘चोला परिवर्तन’ गरेर समाजमा सम्मान पाउन खोज्छन् भने, दयाहाङ आफ्नो ‘राज्य’ खोला र बालुवाको कारोबार कसैले खोस्न नदिन तत्पर छन् ।

यसरी, स्तर उकास्न खोज्ने र स्तर कायम राख्न खोज्ने दुई पात्रबीचको युद्धले ‘वरिष्ठ बलराम’लाई सामाजिक सन्देशयुक्त कथा बनाएको छ ।

चलचित्रमा दयाहाङ राई ‘वरिष्ठ’को भूमिकामा छन् भने विजय बराल ‘बलराम’ बनेका छन् । उनीहरूबीचको द्वन्द्व नै चलचित्रको मेरुदण्ड हो । समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, र प्रदीप कुमार चौधरी (पीके) लगायतका कलाकारले सहायक भूमिकामा अभिनय गरेका छन् ।

चलचित्रको निर्देशन सुरेन्द्र पौडेलले गरेका छन्, जसको कथा र सम्पादन पनि पौडेलकै हुन् । पटकथा महेश दवाडीले लेखेका छन् । वृषभ सिद्धी इन्टरटेनमेन्टको प्रस्तुतिमा आन्भी फिल्म्सको सहकार्यमा बनेको यस चलचित्रका निर्माता आशिष एच तामाङ र श्रीराज कार्की हुन् । कार्यकारी निर्मातामा प्रदीप जी धामी र पुस्कर बी घिमिरे छन् भने लाइन प्रोड्युसरमा राम विष्ट छन् ।

सिनेमाको छायांकन मनकृष्ण महर्जनले गरेका छन् । प्रशान्त शिवाकोटीको संगीत, सम्राट बस्नेतको एक्सन निर्देशन र प्रदीप लामाको नृत्य निर्देशनले चलचित्रलाई प्राविधिक रूपमा बलियो बनाएको छ ।

